# मध्यनेपाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भोर्लेटार, लमजुङ
स्थाः २०७३

गण्डकी प्रदेश,नेपाल

पत्र संख्याः
चलानी नः

मितिः२०७७/०४/०६

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**सूचना !** **सूचना !!** **सूचना !!!**

**न्यूनतम रोजगारीमा संलग्नहुनको लागि निवेदन दिने बारेको सूचना ।**

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७/७८ का लागि मध्यनेपाल नगरपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ देखी ५९ वर्ष उमेरका बेरोजगार व्यक्तिहरुले २०७७ श्रावण ८ देखि भाद्र ७ गतेभित्र आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुनअनुरोध गरिन्छ ।

निवेदन दिनका लागि न्युनतम योग्यता र आवश्यक कागजातहरु तपशिल बमोजिम रहेका छन् ।

- निवेदकको नागरिकताको १ प्रती फोटोकपी र १ प्रती पासपोर्ट साइजको फोटो ।
- एक आर्थिक वर्षमा न्युनतम १०० दिन रोजगारीमा संलग्न नभएको ।
- नेपाल सरकारले तोकेको न्युनतम पारिवारिक बार्षिक आय रु.५१,५००।- भन्दा कम आम्दानी रहेका परिवारका व्यक्तिहरु ।
- परिवारका सम्पुर्ण सदस्यको पारिवारिक तथा नागरिकताको विवरण - (जन्म मिति , नागरिकता नम्वर, नागरिकता जारी मिति )।
- आवश्यकता अनुसार विवाह दर्ता वा बसाईसराई दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
- एकै परिवारका वेरोजगार व्यक्तिहरुले छुट्टाछुट्टै निवेदन दिनु पर्नेछ ।
- सम्वन्धित व्यक्ति वा परिवारको सर्म्पक नम्वर (अनिवार्य) ।
- बैङक खाताको विवरण - (उपलब्ध भएसम्म )।

राधा ढकाल
रोजगार संयोजक